# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।३० गते

# प्रेस विज्ञप्ति
## विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

---

जिल्ला सप्तरी, रुपनी गाउँपालिकामा कार्यरत इन्जिनियर विकाश कुमार श्रेष्ठले झोलुङ्गेपुल निर्माण सम्बन्धी बील फरफारक गरिदिने प्रयोजनको लागि सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीबाट खटिइ गएको टोलीले निज इन्जिनियर विकाश कुमार श्रेष्ठले सेवाग्राहीसँग रू.१,००,०००। - (रू.एक लाख) घुस बापतको रकम बुझि लिइसकेको अवस्थामा राजविराज नगरपालिका वार्ड नं. ६ स्थित योगेन्द्र साहको घरमा रहेको निजको डेराबाट उक्त रकम सहित रङ्गेहात पक्राउ गरी नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(मदन कोइराला)
सहायक प्रवक्ता